# उत्तरगया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

लहरेपौवा, रसुवा

*बागमती प्रदेश, नेपाल*

मिति - २०७९।०८।१९

**प्राविधिक सहायक करारमा पदपूर्तिको लागि दरखास्त आह्वान सम्बन्धि सूचना !**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस उत्तरगया गाउँपालिकाको रोजगार सेवा केन्द्रका लागि १ जना प्राविधिक सहायक खुला प्रतिस्पर्धाको माध्यमबाट करार सेवामार्फत पदपूर्ति गर्नुपर्ने भएकोले मिति २०७९ पौष ५ गते बेलुका ४ बजेसम्म उत्तरगया गाउँपालिकामा राजश्व बुझाएको रसिदको र आवश्यक शैक्षिक योग्यताका कागजात सहित दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स | विज्ञापन नं. | पद | तह | माग संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०४-२०७९/०८० | प्राविधिक सहायक | सहायक पाचौं | १ (एक) | रु. ५००।- |

१.आवश्यक योग्यता र अनुभव :

क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको,

ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

ग) आधारभूत कम्प्युटर सीपसम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको,

२. दरखास्त दिने स्थान : उत्तरगया गाउँपालिका, प्रशासन शाखा, रसुवा ।

३. आवेदन दस्तुर : रु.५००।-

४. छनौट किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परिक्षा तथा प्रयोगात्मक परिक्षा

५. परिक्षा मिति, समय र स्थान : योग्यताको सूची प्रकाशन सँगै जानकारी गराईनेछ ।

६. आवेदन साथ संलग्न कागजातहरु :

क) नागरिकताको प्रतिलिपि,

ख) शैक्षिक योग्यताको प्रतिलिपि (लब्धांक पत्र तथा चारित्रिक प्रमाणपत्र)

ग) कामसँग सम्बन्धित अनुभब भए सोको प्रमाणपत्र

घ) कम्प्युटर तालिमको प्रमाणपत्र,

ङ) २ प्रति पासपोर्ट आकारको फोटो ।

७. सेवा सुविधाहरुः स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

८. आवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेव साइट www.pmep.gov.np मा अथवा उत्तरगया गाउँपालिकाको वेव साइट www.uttargayamun.gov.np मा अथवा गाउँपालिकाको प्रशासन शाखामा उपलब्ध छ ।

९. रोजगार सहायकको पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेव साइट www.pmep.gov.np मा अथवा उत्तरगया गाउँपालिकाको वेव साइट www.uttargayamun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।